# अनिवार्य नेपाली

## नयाँ पाठ्यक्रम- २०६७

**पूर्णाङ्क: १००** **अध्यापन घण्टा: १५०**

पाठ्य विषयवस्तु

| | | |
|---|---|---|
| एकाइ १ | पाठ | कविता– नेपाली हामी रहौंला कहाँ नेपालै नरहे –माधवप्रसाद घिमिरे |
| | व्याकरण | (अ) नेपाली वर्ण (कथ्य र लेख्य) को पहिचान (आ) (क) स्वर (ख) व्यञ्जन उच्चार्य व्यञ्जन वर्णको वर्गीकरण (स्थान, प्रयत्न, घोषत्व र प्राणत्व) |
| | बोध | सामाजिक विषय (भाषा, जाति र संस्कृति) सम्बन्धी अनुच्छेदको बोध |
| | अभिव्यक्ति | - कविताको भावार्थ लेखन,<br>- सामाजिक/ सांस्कृतिक विषयमा अनुच्छेद लेखन |
| | पाठ्यभार | ७ घण्टा |
| एकाइ २ | पाठ | कथा- छिमेकी – गुरुप्रसाद मैनाली |
| | व्याकरण | (अ) नेपाली अक्षरको पहिचान (आ) नेपाली अक्षरका प्रकार (स्व, स्वव्य, व्यस्व, व्यस्वव्य, व्यव्यस्व, व्यव्यस्वव्य, व्यव्यव्यस्व) (इ) शब्दलाई अक्षरमा विभाजन |
| | बोध | वातावरण र स्वास्थ्यसम्बन्धी अनुच्छेदको बोध (प्रदूषण र मानवस्वास्थ्य विषयक) (अनुच्छेदको पठन विषयवस्तु तथा भाषा बोध) |
| | अभिव्यक्ति | -कथासार लेखन |
| | पाठ्यभार | ७ घण्टा |
| एकाइ ३ | पाठ | निबन्धः आइमाई साथी – श्यामप्रसाद शर्मा |
| | व्याकरण | (अ) तत्सम र आगन्तुक शब्दको वर्णविन्यासका प्रमुख समस्याक्षेत्र र त्रुटिहरूको पहिचान तथा निराकरण<br>(आ) शब्दवर्ग: नाम, सर्वनाम, विशेषण र क्रियाको पहिचान<br>(इ) भाषिक त्रुटि निराकरणमा शब्दकोशको प्रयोग र अभ्यास |
| | बोध | निबन्धको अनुच्छेदबाट बोध र बुँदाटिपोट |
| | अभिव्यक्ति | लैङ्गिक समतासम्बन्धी अनुच्छेद लेखन |
| | पाठ्यभार | ८ घण्टा |
| एकाइ ४ | पाठ | कथा: मधुमालतीको कथा – रमेश विकल |
| | व्याकरण | (अ) लेख्य चिह्न र तिनको प्रयोग: पूर्णविराम, अर्धविराम, अल्पविराम, कोष्ठ, विकल्पबोधक, प्रश्नविराम, उद्गार, उद्धरण, विस्मयसूचक, निर्देशक र योजक चिह्नको पहिचान र प्रयोग<br>(आ) शब्दवर्ग: नामयोगी, क्रियायोगी, संयोजक, विस्मया- दिबोधक र निपातको पहिचान |
| | बोध | भूगोलसम्बन्धी अनुच्छेदको बोध र बुँदाटिपोट |
| | अभिव्यक्ति | - पात्रको परिचय लेखन<br>- अनुच्छेदमा चिह्न प्रयोग |
| | पाठ्यभार | ८ घण्टा |

Question Bank Nepal

| एकाइ | | |
|---|---|---|
| एकाइ ५ | पाठ | निबन्धः भलादमी - लक्ष्मीप्रसाद देवकोटा |
| | व्याकरण | नेपाली शब्दको पहिचान, प्रकार र कार्य (अ) शब्दको पहिचान (आ) शब्दको प्रकार (क) स्रोतको आधार- तत्सम, तद्भव, (अनुकरणात्मक समेत) र आगन्तुक (ख) संरचनाको आधार-मूल र व्युत्पन्न (ग) रूपायनको आधार- विकारी र अविकारी |
| | बोध | निबन्धको मूल विचार र आशयको बोध |
| | अभिव्यक्ति | - निबन्धको मूलभाव/विचारको प्रस्तुति<br>- निबन्ध लेखन (सामाजिक, सांस्कृति विषयमा आधारित) |
| | पाठ्यभार | ७ घण्टा |
| एकाइ ६ | पाठ | कविताः हर्कबहादुर - दिनेश अधिकारी |
| | व्याकरण | क. उपसर्गद्वारा शब्द निर्माणः (अ) अ, अन, कु, बि, बे, बद, गैर, ना ( आ) अ, अन्, अधि, अनु, अभि, अति, अव, अप, उप, आ, उत्, दु, दुर्, दुस्, नि, निः, निर्, निस्, परा, परि, प्र, प्रति, वि, सम, सु (ख) द्वित्व प्रक्रियाद्वारा शब्द निर्माण पूर्ण, आंशिक र आपरिवर्तित द्वित्व शब्द निर्माण |
| | बोध | शिक्षासम्बन्धी अनुच्छेदको बोध |
| | अभिव्यक्ति | निर्धारित अनुच्छेदको सङ्क्षेपीकरण. |
| | पाठ्यभार | १० घण्टा |
| एकाइ ७ | पाठ | उपन्यासको अंशः एक बिहान -हृदयचन्द्र सिंह प्रधान |
| | व्याकरण | (क) प्रत्ययद्वारा शब्द निर्माणः (अ) अक्कड, अत, अन्त, आइ, आइँ/याइँ, आउ, आली, आलु, आवट, आहा/याहा, इया, (आ) यार, इलो, ई, उवा, ए, एली, ओ, ओट, औली/यौली, ती, पन/पना, ली, ले (इ) अक, अन, अनीय, इक, इत, ई, ईन/ईण, ईय, क, तर, तम, तव्य, ता, ति, त्व, मय, मान, वान, य (ख) समासः अव्ययीभाव, तत्पुरुष, कर्मधारय, द्विगु (विग्रह र समास दुवै) (उपन्यासको अंशबाट प्रत्यय लागेका व्युत्पन्न शब्दको खोजी गरी थप शब्द निर्माण तथा निर्धारित अंश र अनुच्छेदबाट समस्त शब्दको खोजी |
| | बोध | निर्धारित अंशबाट बुँदाटिपोट र सङ्क्षेपीकरण |
| | अभिव्यक्ति | पात्र परिचय लेखन |
| | पाठ्यभार | १० घण्टा |
| एकाइ ८ | पाठ | निबन्धः म फूल लिएर आउनेछु -सुधा त्रिपाठी |
| | व्याकरण | (क) समास प्रक्रियाद्वारा शब्द निर्माण- द्वन्द्व र बहुव्रीहि समास (विग्रह समेत) (ख) सन्धि र सन्धि भएका शब्दको पहिचान (ग) वाक्यको पहिचान र प्रयोग -उद्देश्य र उद्देश्य विस्तार, -विधेय र विधेय विस्तार -क्रियाका काल (भूत अभूत) -पक्षः सामान्य, अपूर्ण, पूर्ण, अज्ञात, अभ्यस्त- क्रियाका भावः सामान्य, आज्ञा, इच्छा, सम्भावना र संकेत |
| | बोध | निर्धारित अंशको पठन र विषयबोध (निर्धारित अंशको अनुच्छेदबाट बुँदाटिपोट गरी सङ्क्षेपीकरण) |
| | अभिव्यक्ति | - सरल वाक्य (उद्देश्य, उद्देश्य विस्तार, विधेय, विधेय विस्तार भएका) मा कुनै विषयवस्तु, घटना आदिको वर्णन -विभिन्न काल र पक्षको प्रयोग गरी अनुच्छेद लेखन- विभिन्न भावका क्रियाको प्रयोग गरी अनुच्छेद लेखन । |
| | पाठ्यभार | १० घण्टा |

Question Bank Nepal

| | | |
|---|---|---|
| एकाइ ९ | पाठ | कविताः मानुषी -पारिजात |
| | व्याकरण | पदक्रम (क) सामान्य पदक्रम (ख) विशिष्ट पदक्रम (कविताका पङ्क्तिबाट सामान्य र विशिष्ट पदक्रमको अध्ययन |
| | बोध | वाणिज्य क्षेत्रसँग सम्बन्धित अनुच्छेदको बोध |
| | अभिव्यक्ति | - निर्धारित कविताको अध्ययनमा आधारित भई कुनै कृतिको पाठक प्रतिक्रिया । |
| | पाठ्यभार | ६ घण्टा |
| एकाइ १० | पाठ | कथाः रातभरि हुरी चल्यो -इन्द्रबहादुर राई |
| | व्याकरण | (क) कारक र विभक्ति (अ) सरल र तिर्यक् कारक (आ) कारक कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, अधिकरण (ख) कारकीय अर्थ, विभक्तिको प्रयोग र पहिचान (ग) को, का, की, रो, रा, री, तथा नो, ना, नी को प्रयोग |
| | बोध | कानुन तथा प्रशासनसँग सम्बन्धित अनुच्छेदको बोध |
| | अभिव्यक्ति | -सरल र तिर्यक कारकको प्रयोग गरी कुनै विषय घटना आदिको वर्णन - विभिन्न कारकको प्रयोग गरी कुनै विषय घटना आदिको अनुच्छेद रचना - व्यक्तिगत विवरण (बायोडाटा) लेखन |
| | पाठ्यभार | ६ घण्टा |
| एकाइ ११ | पाठ | कविताः मेरो देश - भूपी शेरचन |
| | व्याकरण | (क) तद्भव र तत्सम शब्दको वर्णविन्यास (ख) निर्धारित अनुच्छेदबाट तत्सम र तद्भव शब्दहरूको पहिचान |
| | बोध | समाजशास्त्रसम्बन्धी अनुच्छेदको बोध |
| | अभिव्यक्ति | - पदपूर्ति सम्बन्धी विज्ञापन लेखन -व्यावसायिक विज्ञापन लेखन |
| | पाठ्यभार | ७ घण्टा |
| एकाइ १२ | पाठ | निबन्धः आलु - भैरव अर्याल |
| | व्याकरण | (क) पद सङ्गति (अ) लिङ्गग (पुलिङ्ग, स्त्रीलिङ्ग) (आ) वचन (एकवचन, बहुवचन (इ) पुरुष (प्रथम, द्वितीय, तृतीय) (ई) आदर ( आदर, अनादर) (ख) शब्दभण्डार प्रविधिक, पारिभाषिक शब्दको अध्ययन |
| | बोध | (क) निबन्धको निर्धारित अनुच्छेदको बोध र प्रश्नोत्तर विज्ञान प्रविधिसम्बन्धी अनुच्छेदको बोध |
| | अभिव्यक्ति | लिङ्ग, वचन, पुरुष, आदर मिलाई सूचना लेखन |
| | पाठ्यभार | ८ घण्टा |
| एकाइ १३ | पाठ | कथाः शत्रु -विश्वेश्वरप्रसाद कोइराला |
| | व्याकरण | (क) सरल, संयुक्त र मिश्र वाक्यको पहिचान र प्रयोग (ख) निर्धारित कथाबाट सरल, मिश्र र संयुक्त वाक्यको पहिचान |
| | बोध | सञ्चारसँग सम्बन्धित अनुच्छेदको बोध |
| | अभिव्यक्ति | - टिप्पणी लेखन/सम्पादकलाई चिट्ठीलेखन |
| | पाठ्यभार | ७ घण्टा |

Question Bank Nepal

| | | |
|---|---|---|
| एकाइ १४ | पाठ | उपन्यासः |
| | व्याकरण | वाक्यान्तरण (क) संरचनागत (सरल, मिश्र, संयुक्त) (ख) वाच्यगत (कर्तृ, कर्म, भाव) (ग) कथन (प्रत्यक्ष, अप्रत्यक्ष) (घ) ध्रुवीयता (करण, अकरण) (ङ) वाक्यसंश्लेषण |
| | बोध | कृषि र वनसम्बन्धी अनुच्छेदको बोध |
| | अभिव्यक्ति | - निबन्ध (स्वास्थ्य, विज्ञान र प्रविधि नागरिक अधिकार र दायित्व, आर्थिक विकास आदि) |
| | पाठ्यभार | ५ घण्टा |
| एकाइ १५ | पाठ | कथाः हारजित - भवानी भिक्षु |
| | व्याकरण | वाक्य संश्लेषण (सरल वाक्यहरूलाई मिश्र वा संयुक्त वाक्यमा संश्लेषण) |
| | बोध | कानुन, न्याय तथा मानव अधिकारसँग सम्वन्धित अनुच्छेदको बोध |
| | अभिव्यक्ति | प्रतिवेदन लेखन (गोष्ठी, भ्रमण, घटना आदिको) |
| | पाठ्यभार | १० |
| एकाइ १६ | पाठ | निबन्धः खाद्य सङ्कट र जैविक विविधता -डा. तीर्थबहादुर श्रेष्ठ |
| | व्याकरण | शब्दभण्डार (प्राविधिक तथा पारिभाषिक शब्द) |
| | बोध | ग्रामीण विकाससँग सम्वन्धित अनुच्छेदको बोध |
| | अभिव्यक्ति | विज्ञान र प्रविधिसँग सम्वन्धित अनुच्छेद लेखन (जैविक विविधता, वातावरण, पुनर्नवीकरणीय ऊर्जा, विद्युतीकरण, आर्थिक विकास) |
| | पाठ्यभार | १० घण्टा |
| एकाइ १७ | पाठ | नाटकः नालापानीमा -बालकृष्ण सम |
| | व्याकरण | - क्रियाको भाव - उक्ति परिवर्तन - वर्ण र अक्षर |
| | बोध | भाषा र साहित्यसँग सम्वन्धित अनुच्छेदको बोध |
| | अभिव्यक्ति | व्यावहारिक लेखन (समवेदना, श्रद्धाञ्जली, बधाई, शुभकामना) |
| | पाठ्यभार | १० |
| एकाइ १८ | पाठ | कविताः कान्छी, भट्टी र देश - कृष्ण सेन 'इच्छुक' |
| | व्याकरण | क्रियाका काल र पक्ष |
| | बोध | अनुच्छेदको बोध |
| | अभिव्यक्ति | (निवेदन, व्यावसायिक, निमन्त्रणा) - विज्ञापन |
| | पाठ्यभार | ६ घण्टा |
| एकाइ १९ | पाठ | नाटकः बहुलाकाजीको सपना - विजय मल्ल |
| | व्याकरण | वाक्यका प्रकार र वाक्यान्तरण |
| | बोध | समाजशास्त्रसम्बन्धी अनुच्छेदको बोध |
| | अभिव्यक्ति | टिप्पणीलेखन - कानुन र नागरिक अधिकार - सञ्चार माध्यम र जिम्मेवारी - जनता, जाति र भाषा |
| | पाठ्यभार | १० घण्टा |

Question Bank Nepal

**सन्दर्भ सामग्रीहरू:**


१. घिमिरे, माधवप्रसाद, नेपाली हामी रहौँला कहाँ नेपालै नरहे, किन्नर किन्नरी, काठमाडौँ: साझा प्रकाशन ।

२. पारिजात, मानुषी, बैँसालु वर्तमान ।

३. शेरचन, भूपी, मेरो देश, घुम्ने मेचमाथि अन्धो मान्छे ।

४. अधिकारी, दिनेश, हर्कबहादुर, धरतीको गीत, काठमाडौँ साझा प्रकाशन ।

५. 'इच्छुक', कृष्ण सेन, कान्छी भट्टी र देश, इच्छुक रचनावली भाग - २ ।

६. मैनाली, गुरुप्रसाद, छिमेकी, नासो, काठमाडौँ: साझा प्रकाशन ।

७. भिक्षु, भवानी- हारजित ।
८. कोइराला, विश्वेश्वरप्रसाद- शत्रु, दोषी चस्मा, काठमाडौं: साझा प्रकाशन ।
९. विकल, रमेश, मधुमालतीको कथा ।
१०. राई, इन्द्रबहादुर (२०२७), रातभरि हुरी चल्यो, विपना कतिपय, श्याम ब्रदर्स दार्जिलिङ् ।
११. देवकोटा, लक्ष्मीप्रसाद, भलादमी, लक्ष्मी निबन्ध संग्रह, काठमाडौं: साझा प्रकाशन ।
१२. अर्याल, भैरव, आलु ।
१३. शर्मा, श्यामप्रसाद, आइमाई साथी ।
१४. श्रेष्ठ, डा.तीर्थबहादुर (२०६५-२-३२), खाद्य सङ्कट र जैविक विविधता, हिमाल ।
१५. त्रिपाठी, सुधा (२०५३), म फूल लिएर आउनेछु, जीवनसूत्र र स्वप्नाभास, काठमाडौं: जिगीषा प्रकाशन ।
१६. सम, बालकृष्ण (२०२०), नालापानीमा, चार एकाङ्की, काठमाडौं: रोयल नेपाल एकेडेमी ।
१७. मल्ल, विजय (२०२८), बहुलाकाजीको सपना, काठमाडौं: साझा प्रकाशन ।
१८. प्रधान, हृदय चन्द्रसिंह, एक चिहान ।
१९. अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०६१), प्रयोगात्मक नेपाली शब्दकोश, काठमाडौं: विद्यार्थी पुस्तक भण्डार ।

## नमुना प्रश्नपत्र- २०६८

**१. कुनै एक प्रश्नको उत्तर दिनु होस् ।** (५)

क) तल दिइएका वर्णहरूको उच्चारण स्थान र प्रयत्न छुट्ट्याउनु होस् ।

ग, झ, व, ह, ल

ख) तल दिइएका शब्दको अक्षर संरचना र संख्या समेत देखाउनु होस् ।

स्याल, कमल, अन्याय, विशेषता, आज्ञाकारी

**२. शुद्ध गरी पुनर्लेखन गर्नु होस् ।** (५)

जापान, भारत र नेपाल एशिया महादेशमा छन भन्नु होस् त ! भूटान र वङ्गलादेश कुन् महादेशमा पर्छन् सत्ते कुरा के हो भने यि पनी यही महादेशका मुलुक हुन् ।

**३. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको शब्दवर्ग पहिचान गरी लेख्नु होस् ।** (३)

गाउँमा एकजना बुढा रहेछन् । एकदिन उनलाई भेट्न अर्का बुढा मान्छे आएछन् तर भेट हुन सकेनछ । गाउँलेहरूले कठै ! बिचारले दुःख मात्र पाएँ भनेछन् ।

**४. तलको अनुच्छेदबाट २/२ वटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नु होस् ।** (२)

एक किलो मासु उत्पादन गर्न दश किलो शाकाहारी भोजन खपत हुन्छ अर्थात् एक धनी मांसाहारी मान्छेले सागपात, दुध, दही, घिउ जस्ता खानेकुरामा मात्र निर्भर दश जना गरिब शाकाहारीको खाना हसुर्छ । के यो शोषण होइन ? ठन्डा दिमागले सोचौं त !

**५. कुनै २ प्रश्नको उत्तर दिनु होस् ।** (२३=६)

क) तलको अनुच्छेदबाट ३ वटा उपसर्ग व्युत्पन्न शब्द र ३ वटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नु होस् ।

दिनभर काम गरेकाले हामी थकित भई चौतारीमा बसेर आराम गर्दै थियौं । जुनेली रात रमाइलो थियो । कसैको मनमा कुभावना तथा बदनियत थिएन । हामीले कसैलाई दुर्वाच्य बोलेका पनि थिएनौं तर अकस्मात् एउटा जँड्याहा हाम्रो छेउमा आयो र हामीलाई आक्रमण गर्ने दुष्प्रयास गऱ्यो । पहिले त हामी छक्क पऱ्यौं । किन आक्रमण गर्न लागेको होला भनी जिज्ञासु नजरले हेऱ्यौं । तर प्रतिकारमा नउत्रिए घाइते हुने डर थियो । हामीले होसियार भएर आफ्नो बचाउ गर्ने निधो गऱ्यौं ।

ख) तलको अनुच्छेदबाट ३ समस्त शब्द र ३ द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नु होस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्ट्याउनु होस् ।

आफ्नो जन्मभूमिलाई चुपचाप विदेशीको कृपापात्र बनाउन खोज्नेहरूको देश कहिल्यै आत्मनिर्भर हुँदैन ।आल्तुफाल्तु कुरामा अनमोल समय बिताउने मुलुकले अग्र गति लिँदैन ।

Question Bank Nepal

आपसी झै-झगडाको जालो चटाचट काट्दै अविश्वासका खाडलहरू रातारात पुरेर जब धर्तीपुत्रहरू स्वावलम्वी बन्छन् तब जनताको भाग्योदयका ढोकाहरू घ्याकघुरुक खुला हुन्छन्। कृषिक्रान्ति गरेर लहलह बाली झुलाउन सके, पर्यटन क्षेत्रका विकास गरेर नेपालीका हातमा विदेशी मुद्रा छनछन बज्ने व्यवस्था मिलाउन सके, विदेशी डाँडाकाँडामा पाइने अनमोल जडीबुटीले जनस्वास्थ्य र रुग्ण अर्थतन्त्र सबल पार्न सके यहाँ न बेरोजगारी रहन्छ न त गरिबी नै। यसका निम्ति केबल दूरदर्शी नेतृत्व र क्रियाशील युवाजोसको खाँचो छ।

ग) तलको अनुच्छेदबाट ६ वटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नु होस्।

घरेलु अत्यावश्यक सरसामान किन्न मानिसहरू बजार जान्छन्। बजारको भिडभाडमा कहिलेकाहीँ वयोवृद्ध तथा केटाकेटीहरूलाई अप्ठेरो पनि हुन्छ। यस्तै हुलमुलमा चोरीको विगबिरी हुन्छ भने रक्स्याहाहरूले पनि बाटाघाटामा दुःख दिन्छन्। सडक पेटीका व्यापारीले सोझासाझा गाउँलेहरूलाई सक्कली माल भनी नक्कली माल बेचेर ठग्छन्।

६. **कुनै एक प्रश्नको उत्तर दिनु होस्।** (५)

क) तलको अनुच्छेदलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गरी वाक्य ढाँचा समेत मिलाई पुनर्लेखन गर्नु होस्।

एकदिन एउटा युवक टुँडिखेलमा हिँडिरहेको रहेछ। एउटी युवतीले उसलाई बोलाइछ। युवती त्यो युवक जता जाने हो त्यतै जाने रहिछ। उसलाई त्यस युवकले चाहिँ चिनेको रहेनछ। चिनजान पछि त्यस युवकले त्यस युवतीसँग भेट्दा सङ्कोच नमानी कुरा गर्न थालेछ।

ख) वाक्य ढाँचा सहित एक वचनलाई वहु-वचनमा परिवर्तन गर्नु होस्।

म कक्षा ११ मा पढ्ने विद्यार्थी हुँ। कलेजमा मेरो एकजना मन मिल्दो साथी छ। साथी मलाई माया मात्र होइन सहयोग पनि गर्छ। म दिनहुँ बाटामा उसलाई भेट्छु। ऊ पनि सधैं मलाई भेट्ने प्रयास गर्छ।

७. **कुनै एक प्रश्नको उत्तर दिनु होस्।** (६)

क) ले, लाई, बाट, द्वारा, मा र देखि विभक्ति लागेका भिन्न-भिन्न कारकको प्रयोग भएका ६ वटा वाक्यमा कुनै घटनाको वर्णन गर्नु होस्।

ख) तलको अनुच्छेदका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नु होस्।

मेरो वहिनी पोखराको मणिपाल कलेजमा डाक्टरी पढ्छ। मेरी भाइ चाहिँ सात कक्षामा पढ्छे। तपाईं पोखरा जान्छस्? जाने भए हिँड्। म पनि वहिनी भेट्न पोखरा जाँदै छ। हामी दुवै सँगै जालास्।

८. **कुनै २ प्रश्नको उत्तर दिनु होस्।** (४×२=८)

क) तलका जटिल वाक्यहरूलाई ८ वटा सरल वाक्यमा छुट्ट्याउनु होस्।

तपाईंलाई सूर्योदयको दृश्य हेर्ने मन छ भने नगरकोट जानु होस्। नगरकोटमा सूर्योदय राम्ररी हेर्न पाइन्छ भने वरपरको दृश्य पनि देखिन्छ। जुन मान्छेले नगरकोटको भ्रमण गर्छ उसले सूर्योदयको दृश्य हत्तपत्त बिर्सदैन। नगरकोटकले पर्यटन व्यवसाय बढाएको छ र स्थानीय मानिसहरूका लागि आय आर्जनको बाटो पनि खुलाएको छ।

ख) आवश्यक कुरा थपघट गरेर तलका वाक्यहरूलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नु होस्।

सप्ताहान्तमा साथीहरूसँग सहर गइन्छ। सहरमा सिनेमा हेरिन्छ। दुई चार दिन त्यहीँ वसेर रमाइलो गरिन्छ। आफूलाई चाहिने सामान किनिन्छ। अर्को हप्तातिर मात्र घर फिरिन्छ। सहरका रमझमबारे घरमा बेलीविस्तार लगाएर सुनाइन्छ। सानो यात्रा वृत्तान्त लेखेर पत्रिकामा पनि छपाइन्छ। अर्को सप्ताहान्त कसरी मनाउने भन्ने विषयमा पुनः सोचिन्छ।

ग) तलका वाक्यहरूलाई एउटै वाक्यमा संलेश्षण गर्नु होस्।

चराले आफ्नो गुँड आफैँ बनाउँछ। मुसाले आफू बस्ने प्वाल आफैँ खन्छ। मूक प्राणीहरू आफ्नो आश्रयस्थल आफैँ बनाउँछन्। चेतनशील मानव हामीले आफ्नो देश आफैँ बनाउनुपर्छ।

९. **तलका अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नु होस्।**

वातावरण भन्नाले त्यस्तो प्राकृतिक प्रक्रिया (कृत्रिम प्रक्रिया पनि) हो जसले कुनै पनि ठाउँको उन्मुक्त दृश्यको निर्माण गरेको हुन्छ। जस्तै: पसलको वातावरण भन्नासाथ बेच्न राखिएका सामानहरूको दृश्यका साथै बेच्ने तथा किन्ने मानिसहरूको तस्बिर हाम्रो मस्तिष्कमा तयार हुन्छ। त्यसै गरी स्कुलको वातावरण भन्नाले पढ्ने, पढाउने शिक्षक तथा विद्यार्थी, कक्षा कोठाहरू, कुर्सी, टेबुल, कालो पाटी, किताब, कलम, खेल मैदान आदिको बोध हुन्छ। त्यस्तै गाउँको वातावरण भन्नाले साधारणत: थोरै मानिस, माटाले पोतेका थोरै घर, वरिपरी गाईभैँसी र भेडाबाखा बाँधेको, हाँस, कुखुरा पालेको, दाउरा, घाँस तथा परालको थुप्रो, अलि पर खोला, इनार वा कुवा आदिको झलक र सहरी वातावरण भन्नासाथ चिल्ला सडक, उज्यालो बिजुली बत्ती, सुकिला लुगा लगाएका मानिस, मोटर गाडी गुडेको, उद्योग कल कारखाना र त्यसबाट निस्केको धुवाँको मुस्लो, राम्रा तथा अग्ला घरहरू आदिको झलक जस्ता कुरा बुझिन्छ।

यसरी 'वातावरण' शब्दको प्रयोग धेरै अर्थमा भए पनि यो खास गरी यस अन्तर्गत खोलानाला, हावापानी, माटो, ढल, ताल, सागर, महासागर, मरुभूमि, वन, जंगल, हिमाल आदि पर्दछन्।

वातावरण खास गरी सजीव र निर्जीव दुई आधारभूत तत्त्वहरू मिली बनेको हुन्छ। निर्जीव तत्व भन्नाले घाम वा ऊर्जा, हावा, पानी, माटो तथा जीवलाई आवश्यक पर्ने तत्वहरू बुझिन्छन्। सजीव तत्व भन्नाले सुक्ष्म जीवाणुदेखि ठूलठूला जनावरका साथै वोटविरुवा जस्ता पृथ्वीका सम्पूर्ण प्राणी तथा वनस्पतिहरूलाई बुझिन्छ। निर्जीव तत्त्वहरूको निश्चित समानुपातिक संरचनाको आधारमा निश्चित वातावरण तयार भएको हुन्छ। त्यही वातावरण अनुसार सजीवहरूको सृष्टि हुन्छ। त्यसै कारण सजीव र उसको वरपरको वातावरण वा निर्जीव तत्वहरूबीच अदृश्य वा अप्रत्यक्ष किसिमको घनिष्ठ अन्तरसम्बन्ध भई रहन्छ। यही अन्तरसम्बन्धलाई पारिस्थितिक प्रणाली भनिन्छ। यस किसिमको पारिस्थितिक प्रणालीको अध्ययन गर्ने शास्त्रलाई पारिस्थितिकी शास्त्र भनिन्छ।

**प्रश्नहरू:** (५×२=१०)

क) वातावरण भनेको के हो ?

ख) गाउँ र सहरको वातावरणमा के फरक छ ?

ग) वातावरणका सजीव र निर्जीव तत्वहरू के-के हुन् ?

घ) पारिस्थितिक प्रणालीले कस्तो अन्तरसम्बन्धको अध्ययन गर्दछ ?

ङ) 'समानुपातिक' र 'पारिस्थितिक प्रणाली' को अर्थ लेख्नु होस्।

१०. **तलको अनुच्छेद पढी मुख्य-मुख्य पाँच बुँदा टिपोट गर्नु होस्।** (५)

कवि स्रष्टा हो, ऊ सृष्टि गर्छ। सय पङ्क्तिमा लेख्दा पनि जुन कुरा भन्न सकिदैन कविले त्यसलाई एकै पङ्क्तिमा अझ राम्ररी भन्न सक्छ। प्रभातका एकै किरणमा सारा रङ र रुपको कस्तो रमाइलो ढोका उघ्रन्छ। एकै धर्के प्रिया मुस्कानमा सम्पूर्ण प्रीति प्रकट हुन्छ। आमाको एउटै काखमा आर्शीवादका अनन्त फुलहरू फक्रिन्छन्। स्रष्टाको कलाको तेश्रो आँखाले अर्कै रुप र अर्कै अभिप्राय देख्दछ। एक जना अन्तरिक्ष यात्रीले भनेको थिए - यहाँबाट मैले सृष्टि सौन्दर्यको जो विचित्र रङ र आभा देखेको छु, त्यसको वर्णन म गर्न सक्दिन। यसका निम्ति त कवि नै चाहिन्छ। सृष्टिमा जे जति छ त्यति नै यति विचित्र छ कि त्यसको भाषा पाइँदैन, परन्तु कविका विचित्र वाणीमा त्यसको महिमा मुखरित हुन्छ। वैशाखी रातमा कुहुकुहु गर्दै कोइली मानौँ विस्मय र आश्चर्यमय भई पखेटा खोलेर उडे झैँ उड्छे र वसन्तलाई बोलाउँछे। बिहानी पख सूर्यका किरणहरू जसरी छिरबिराएर आउन थाल्छन्, त्यसरी नै

Question Bank Nepal

धोबिनी चरीका कलकण्ठबाट उसका चिरबिर वाणीहरू चिरबिरिन थाल्छन् - जहाँ अरु एक शब्द पनि बोल्न सक्तैनन्, कवि त्यहाँ सहस्र सुन्दर, सहस्र सरल शब्द बोल्न सक्तछ ।

**११. कुनै एक प्रश्नको उत्तर लेख्नु होस् ।** (५)

क) आफ्नो घरमा एउटा टेलिफोन लाइन जडान गरि दिन अनुरोध गर्दै स्थानीय दूर सञ्चार कार्यालयलाई सम्बोधन गरी एउटा निवेदन लेख्नु होस् ।

ख) झाडा पखालाबाट बँच्नका लागि अपनाउनु पर्ने स्वास्थ्य सम्बन्धी विषयलाई समेटी स्थानीय स्वास्थ्य केन्द्रले तयार पार्ने एउटा सूचना लेख्नु होस् ।

१२. आफ्नो विद्यालयमा सम्पन्न वार्षिकोत्सव कार्यक्रमका सबै कुरा समेटी १५० शब्दसम्मको एउटा प्रतिवेदन तयार पार्नु होस् । (५)

**अथवा**

बढ्दो महँगी शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नु होस् ।

**१३. तल दिइएकामध्ये कुनै एक शीर्षकमा निबन्ध लेख्नु होस् ।** (१०)

क) मेरो पृथ्वी : मेरो देश

ख) नेपालको आर्थिक विकासमा पर्यटन उद्योगको भूमिका

ग) मेरो जीवनका लक्ष्य

**१४. एक चिहान उपन्यासको तल दिइएको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनु होस् ।** (१०)

"त्यसो भए डर लाग्दो कुरा छ बाबु ! अब कहिल्यै नबोलाउनु ती डाक्टरलाई फेरि मलाई राम्रै थाहा छ उनी हृदयमा लेश पनि दया भएका मानिस होइनन्, आजसम्म टोलको कोही बिरामीलाई मुफतमा हेरी दिएका पनि छैनन् ।" सशङ्कित भावमा अष्टनारानले भने ।

वृद्ध, अनुभवी आफ्ना बाबुको यो कुरा सुनेर शिवनारनको हृदयमा पनि शङ्काको बीजारोपण भयो तापनि आपतमा काम दिएको हुनाले उनको गरिबीले त्यो शङ्कालाई जिउन दिएन । यसैले शिवनारनले आफ्ना पिताज्यू अष्टनारानलाई सम्झाएर भने -"डाक्टर गोदत्तप्रसाद सायद अगि खराबै थिए होलान्, तर पछि बदलिने मानिसहरू पनि त धेरै छन् बा ! कति दयालु मानिस पनि त पछि अनौठोसँग निर्दयी भएर गएका छन् ।"

**प्रश्नहरू:**

क) माथिको प्रथम अनुच्छेदमा गोदत्तप्रसादको चरित्रबारे गरिएको आशङ्का कत्तिको उचित छ ? तर्क सहित लेख्नु होस् ।

ख) माथिको दोश्रो अनुच्छेदमा व्यक्त गरिएको भनाइ अनुसार गोदत्तप्रसादमा परिवर्तन आएकै हो त ? उपन्यासका आधारमा स्पष्ट पार्नु होस् ।

**१५. कुनै २ प्रश्नको उत्तर दिनु होस् ।** (२ × ५=१०)

क) तलको कविताांश पढी सोधिएका प्रश्नहरूको एक दुई वाक्यमा उत्तर दिनु होस् ।

जहाँ
हरिया हरिया पहाडका फरिया
अलिक तल सारेर
निर्मल, स्वच्छ र न्यायो घाममा
हिमालले सधैं ढाड सेकेको हुन्छ
म जति टाढा भए पनि त्यो मेरो देश
सधैं मेरो मनले
सपनामा पाइला टेकेको हुन्छ

**प्रश्नहरू:**

क) यस कविताांशमा कस्तो वातावरणको चित्रण छ ?

ख) यस अंशमा 'हरियो फरिया' भनेर केलाई भनिएको छ र त्यस्तो फरिया कसले लगाएको छ ?

ग) 'हिमालले सधैं ढाड सकेको हुन्छ' भन्नुको तात्पर्य के हो ?

Question Bank Nepal

घ) मनले सपनामा पाइला टेक्नु भनेको के हो ?

ङ) यस अंशमा भनिएको मुख्य कुरा के हो ?

ख) तलको कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनु होस् ।

"यो सबै संगत गुनको फल । ठूला बडाको संगतको विष त महामारी फैले भैँ पो फैलन्छ त ! यसले हामी जस्ताको त प्राणै चुस्छ । त्यो घरको हावाबाट जति सक्यो परै राख भन्यो, मान्दिनौ तिमी ।" "यो क्या, छोटाहरूको छिमेक रे, हाम्रो दिदीआमाले भन्या । यहाँका छोटाहरूको संगतले म बिग्रिएँ रे क्या, त्यसैले हामी घर सरेको ।"

**प्रश्नहरू :**

क) माथिका भनाइ कस-कसका हुन् ?

ख) माथिका पहिलो र दोश्रो उद्धरणमा वक्ताको दृष्टिकोणमा के भिन्नता छ ?

ग) 'ठूला वडाको संगतको विष त महामारी फैलिए भैँ पो फैलिन्छ त !' भन्नुको तात्पर्य के हो ?

घ) दिदीआमाको व्यवहारका कारण वाल्यप्रेममा बाधा पुगेको छ भन्ने कुराप्रति तपाई सहमत हुनुहुन्छ ? हुनुहुन्छ भने किन ?

ङ) छोटा र बडाको समाज नहुनका लागि के हुनुपर्ला ?

ग) तलको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनु होस् ।

"कस्तो विचित्रता, आलु खाए पनि मान्छे खाएको कुरा सकार्न सक्दैन । सायद यसैले होला 'खालु खाएर पेडाको धाक' लगाउने चलन चलेको । उसिनाको भात हसुरेर मसिनाको भुजा ज्युनार गरेँ भन्नेदेखि लिएर बम पड्काई शान्तिको अभियान चलाएको भन्नेसम्म दर्जा दर्जाका धक्कुबाजहरू संसारमा पाइन्छन् । वास्तवमा यी सबै आलु खाएर पेडाको धाक लगाउने हुन्, अर्थात् कर्मले गरेको नीचतालाई धाकले ढाक्नु आलुवादको धार्मिक पक्ष हो, जो बिसौँ शताव्दीका प्रत्येक व्यक्तिले पालन गर्नै पर्छ ।"

**प्रश्नहरू :**

क) मान्छेले आलु खाएर पनि खाएँ भन्न नसक्नुको कारण के हो ?

ख) आलु खाएर पेडाको धाक लगाउनेहरू कस्ता हुन्छन् ?

ग) आलुवादको धार्मिक पक्ष के हो ?

घ) भैरव अर्यालको बिसौँ शताव्दीका मान्छेलाई हेर्ने यस दृष्टिकोणप्रति तपाईंको के प्रतिक्रिया छ ?

ङ) माथिको अनुच्छेदमा कसलाई व्यङ्ग्य गरिएको हो ?

१६. शत्रु हुँदै नभएको मान्छे हुन्छ कि हुँदैन ? 'शत्रु' कथाका आधारमा आफ्नो प्रतिक्रिया लेख्नु होस् । (५)

## खण्ड (क) व्याकरण

### एकाइ १: वर्ण र अक्षरको संरचनाको पहिचान — अङ्क ५

**१. २०७२ सेट सी प्र.नं. १**

क) तलका वर्णहरूको उच्चारण स्थान र प्रयत्न लेख्नुहोस् : (५)

ङ्, च्, फ्, य्, र् ।

उत्तरः ङ्: कण्ठ्य, नासिक्य; च्: दन्तमुलीय (वर्त्स्य), स्पर्श सङ्घर्षी; फ्: ओष्ठ्य, स्पर्शी; य्: तालव्य, अर्धस्वर; र्: (वर्त्स्य) दन्तमुलीय, प्रकम्पित

---

ख) तल दिइएका शव्दहरूको अक्षर संरचना र सङ्ख्या समेत देखाउनुहोस् : (५)

आँट, विषय, सिमसिम, आज्ञाकारी, महाकाव्यकार ।

उत्तरः आँट - आँट् - १, विषय - बि.ष.य (ब्इ. स्अ. य्अ) - ३, सिमसिम - सिम्.सिम्. (स्इम्.स्इम्) - २, आज्ञाकारी - आग्.ग्या.का.रि - (आग्. ग्य्आ. क्आ.र्इ) - ४, महाकाव्यकार - म.हा.काव्.य.कार (मअ्. हआ्. क्आव्. ब्य्अ. क्आर) - ५,

---

**२. २०७२ सेट डी प्र.नं. १**

क) घोषत्व र प्राणत्वका आधारमा तलका वर्णहरूलाई चिनाउनुहोस् । (५)

ग्, ठ्, भ्, र्, स् ।

उत्तर: ग् : घोष (सघोष),अल्पप्राण, ठ् अघोष, महाप्राण; भ्: घोष (सघोष), महाप्राण; र्: घोष (सघोष), अल्पप्राण; स्: अघोष, महाप्राण

ख) तल दिइएका शब्दको अक्षर संरचना लेखी अक्षर सङ्ख्या समेत देखाउनुहोस् : (५)

घर, विद्या, सुरक्षा, विचारणीय, खलखली

उत्तर: घर - घर (घ्अर्) १ ; विद्या - बिद्.द्या (ब्इद्.द्य्आ) २; सुरक्षा- सु.रक्.छ्या (स्उ. र्अक्.छ्य्आ) ३; विचारणीय- बि.चा.र.नि.य (ब्इ.च्आ.र्अ.न्इ.य्अ) - ५; खलखली- खल्.ख.लि (ख्अल्.ख्अ.ल्इ) ३

**३. २०७२ सेट इ प्र.नं. १**

क) तलका वर्णहरूको उच्चारण स्थान र प्रयत्न छुट्टयाउनुहोस् : (५)

ङ्, प्, ल्, य्, ह्, ।

उत्तर: ङ्: कण्ठ्य, नासिक्य; प्: ओष्ठ्य, स्पर्शी; ल्: वर्त्स्य (दन्तमुलीय), पार्श्विक, य्: तालव्य, अर्धस्वर; ह्: अतिकण्ठ्य, ( स्वरयन्त्रमुखी), सङ्घर्षी

ख) तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्या देखाउनुहोस् : (५)

आस, गुदगुद, रेडियो, अभिव्यक्ति, औचित्यपूर्ण ।

उत्तर: आस - आस् - १; गुदगुद - गुद्. गुद (ग्उद्.ग्उद्) २; रेडियो - रे. डि. यो (र्ए. ड्इ. य्ओ) - ३; अभिव्यक्ति - अ.भि.व्यक्.ति (अ.भ्इ.व्य्अक्.त्इ) ४,औचित्यपूर्ण औ.चित्.त्य.पुर्.न (अउ.च्इत्.त्य्अ.प्उर्.न्अ) - ५

**४. २०७१ पूरक प्र.नं. १**

क. तलका वर्णको उच्चारण स्थान र प्रयत्न छुट्ट्याउनु होस्: (५)

छ, ड, प, य, ल

उत्तर: छ्: वर्त्स्य (दन्तमुलीय), स्पर्श सङ्घर्षी; ड्: वर्त्स्य (दन्तमुलीय), स्पर्शी; प्: ओष्ठ्य, स्पर्शी; य्: तालव्य, अन्तस्थ/अर्धस्वर; ल्: वर्त्स्य (दन्तमुलीय), पार्श्विक

ख. तल दिइएको शब्दको अक्षर संरचना र सङ्ख्या देखाउनुहोस् : (५)

ऋण, मुगलान, विज्ञापन, जीविकोपार्जन, साँफेबगर

उत्तर: ऋण - रिन् (र्इन्) -१, मुगलान- मुग्.लान् (म्उग्.ल्आन्)- २, विज्ञापन- बिग्.ग्या.पन् (ब्इग्.ग्य्आ.प्अन्) -३, जीविकोपार्जन- जि.बि.को.पार्. जन् (ज्इ. ब्इ.क्ओ.प्आर्. ज्अन्)- ५, साँफेबगर- साँ, फे, ब. गर् (स्आ.फ्ए. ब्अ. ग्अर्) - ४

**५. २०७१ सेट सी प्र.नं. १**

क) उच्चारण स्थान र प्रयत्नका आधारमा तलका वर्णलाई चिनाउनु होस् : (५)

ग, च, ङ, व, ह

उत्तर: ग्: कण्ठ्य वर्ण, स्पर्शी; च्: वर्त्स्य (दन्तमुलीय), स्पर्श सङ्घर्षी; ङ: कण्ठ्य, नासिक्य; व्: ओष्ठ्य, अर्धस्वर; ह्: अति कण्ठ्य (स्वरयन्त्रमुखी), सङ्घर्षी

ख) तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्या देखाउनु होस् : (५)

चार, तल, विशेषण, सत्य, सहकारी

उत्तर: चार - चार् (च्आर्) - १, तल - त.ल (त्अ.ल्अ) - २, विशेषण - बि.से.सन् (ब्इ.स्ए.स्अन्) - ३, सत्य - सत् . त्य (स्अत्.त्य्अ) - २, सहकारी - स.ह.का.रि (स्अ.ह्अ.क्आ.र्इ) - ४

**६. २०७१ सेट डी प्र.नं. १**

क) तल दिइएका वर्णहरूको घोषत्व र प्राणत्व चिनाउनु होस् : (५)

ग, छ, फ, य, स

उत्तर: ग: घोष, अल्पप्राण । छ: अघोष, महाप्राण । फ: अघोष, महाप्राण । य: घोष, अल्पप्राण । स: अघोष, महाप्राण ।

ख) तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्या देखाउनु होस् :

अमृत, दश, सहनशील, राम्रो, पूर्वीय

उत्तर: अमृत - अम्.रित् (अम्.र्इत्) - २, दश - दस् (द्अस्) - १,सहनशील - स.हन्.सिल् (स्अ.ह्अन्.स्इल्) - ३,राम्रो - राम्.म्रो (र्आम्.म्र्ओ) - २, पूर्वीय - पुर्.बि.य (प्उर्.ब्इ.य्अ) - ३

**७. २०७० पूरक प्र.नं. १**

क) तलका वर्णको घोषत्व र प्राणत्व चिनाउनु होस् : (५)

क, झ, द, फ, र

उत्तर: क: घोष, अल्पप्राण । झ: घोष, महाप्राण । द: घोष, अल्पप्राण । फ: अघोष, महाप्राण । र: घोष, अल्पप्राण ।

Question Bank Nepal

ख) तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्या देखाउनु होस् : (५)
तरकारी, शिशिर, पञ्चपाला, बहुरुपी, साक्षी

उत्तरः तरकारी - तर्.का.रि (त्अर्.क्आ.र्इ) - ३, शिशिर - सि.सिर् (स्इ.स्इर्) - २, पञ्चपाला - पन्.च.पा.ला (प्अन्.च्अ.प्आ.ल्आ) - ४, बहुरूपी - ब.हु.रु.पि (ब्अ.ह्उ.र्उ.प्इ) - ४, साक्षी - साक्.छ्यी (स्आक्.छ्य्इ) - २

**८. २०७० सेट सी प्र.नं. १**

क) तल दिइएका वर्णहरूको घोषत्व र प्राणत्व चिनाउनु होस् : (५)
क, ठ, ल, फ, ह

उत्तरः कः अघोष, अल्पप्राण । ठः अघोष, महाप्राण । लः घोष, अल्पप्राण । फः अघोष, महाप्राण । हः घोष, अल्पप्राण ।

ख) तल दिइएका शब्दको अक्षर संरचना देखाई अक्षर सङ्ख्या समेत देखाउनुहोस् : (५)
शैशव, फनफनी, परीक्षा, आनन्दपूर्वक, ऊ

उत्तरः शैशव - स्अइ.सब् (स्अइ.स्अब्) - २, फनफनी - फन्.फ.नि (फ्अन्.फ्अ.न्इ) - ३, परीक्षा - प.रिक्.छ्या (प्अ.र्इक्.छ्य्आ) - ३, आनन्दपूर्वक - आ.नन्.द.पुर्.बक् (आ.न्अन्.द्अ.प्उर्.ब्अक्) - ५ ऊ - उ (उ) - १

**९. २०७० सेट डी प्र.नं. १**

क) उच्चारण स्थान र प्रयत्नका आधारमा तलका वर्णलाई चिनाउनु होस् : (५)
घ, ठ, म, व, स

उत्तरः घ- कण्ठ्य - स्पर्शी । ठः वर्त्स्य - स्पर्शी । मः ओष्ठ्य - नासिक्य । वः ओष्ठ्य - अर्धस्वर । सः वर्त्स्य - सङ्घर्षी ।

ख) तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्या देखाउनु होस् : (५)
काम, उत्साहित, औपचारिक, पण्डित, शिक्षा

उत्तरः काम - काम् (क्आम्) - १, उत्साहित - उत्.सा.हित् (उत्.स्आ.ह्इत्) - ३, औपचारिक - अउ.प.चा.रिक् (अउ.प्अ.च्आ.र्इक्) - ४, पण्डित - पन्.डित् (प्अन्.ड्इत्) - २, शिक्षा - सिक्.छ्या (स्इक्.छ्य्आ) - २

**१०. २०६९ प्र.नं. १**

क) तल दिइएका वर्णहरूको उच्चारण स्थान र प्रयत्न छुट्टयाउनु होस् : (५)
घ, च, न, स, ह ।

उत्तरः घ- कण्ठ्य - स्पर्शी; च - वर्त्स्य - स्पर्श सङ्घर्षी; न - वर्त्स्य- नासिक्य; स- वर्त्स्य - सङ्घर्षी; ह - अतिकण्ठ्य - सङ्घर्षी

ख) तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्या समेत देखाउनु होस् :
देश, विज्ञान, ऋषि, गुरुत्वाकर्षण, चिनारी ।

उत्तरः देश- देस् (द्एस्) १, विज्ञान- बि.ग्यान् (ब्इग्.ग्य्आन्) २, ऋषि- रि.सि. (र्इ.स्इ) २,
गुरुत्वाकर्षण- गु.रुत्.त्वा.कर्.सन् (ग्उ.र्उत्.त्व्आ.क्अर्.स्अन्) ५, चिनारी- चि.ना.रि. (च्इ.न्आ.र्इ) ३

**११. २०६८ प्र.नं. १**

क. तल दिइएका वर्णहरूको उच्चारण प्रयत्न र घोषत्व चिनाउनु होस् : (५)
ख्, ङ्, च्, ह्, व्

उत्तरः ख्ः स्पर्शी, अघोष । ङ्ः नासिक्य, सघोष । च्ः स्पर्श सङ्घर्षी, अघोष । ह्ः सङ्घर्षी, सघोष । व्ः अर्ध स्वर, सघोष

ख. तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्या समेत देखाउनु होस् । (५)
झलझली, घोष, आज, अभिव्यक्ति, औचित्यपूर्ण

उत्तरः झलझली: झल्.झ.लि. (झ्अल्.झ्अ.ल्इ) -३ । घोषः घोस् (घ्ओस्) - १, आजः आ.ज. (आ.ज्अ) -२ ।
अभिव्यक्तिः अ.भि.वयक्.ति (अ.भ्इ.ब्य्अक्.त्इ) -४, औचित्यपूर्णः अउ.चित्.तय.पुर्.न (अउ.च्इत्.त्य्अ.प्उर्.न्अ) - ५

## एकाइ २: वर्णविन्यास चिह्न परिचय — अङ्क ५

**१. २०७२ सेट सी प्र.नं. २**

शुद्ध गरी पुनर्लेखन गर्नुहोस् : (५)

व्रह्माण्ड सम्वन्धि नयाँ दृष्टिकोणको शुरुआत मुलतः अन्नाईसौं षताव्दीको प्रारम्भमा भयेको थियो । गुरुले भन्नुभयो ।

उत्तरः "ब्रह्माण्ड सम्बन्धी नयाँ दृष्टिकोणको सुरुवात मूलतः उन्नाइसौँ शताब्दीको प्रारम्भमा भएको थियो," गुरुले भन्नुभयो ।

Question Bank Nepal

**२. २०७२ सेट डी प्र.नं. २**

शुद्ध गरी पुनर्लेखन गर्नुहोस् : (५)

गुभाजुसुभाजू यस्तै अरु कसैलाई देखाए पनि त हुन्छ नि तिनीहरू लाई देखायेको भए किफाईत पनि पर्थ्यो। फिश पनि धेरै दिनु पर्दैनथ्यो। मलाइ त फिस दिनु पर्दछ। तिमीहरूलाई मुशिकल पर्ला।

उत्तरः गुभाजुसुभाजु यस्तै अरु नै कसैलाई देखाए पनि त हुन्छ नि / तिनीहरूलाई देखाएको भए किफायत पनि पर्थ्यो । फिस पनि धेरै दिनु पर्दैन्थ्यो । मलाई त फिस दिनु पर्दछ । तिमीहरूलाई मुस्किल पर्ला ।

---

**३. २०७२ सेट इ प्र.नं. २**

शुद्ध गरी पुनर्लेखन गर्नुहोस् : (५)

वीचरो वुढो जहान वच्चा कोहि नभएको यक्लो भए पनि खानै पर्ने बुढो एक दिन फ्टकेको भिरवाट माथी देखि नै खशेर तल ढुङ्गामा वज्रेछ।

उत्तरः बिचरो बुढो, जहान बच्चा कोही नभएको एक्लो थियो । एक्लो भएपनि खानै पर्ने । बुढो एक दिन फट्केको भिर माथिदेखि खसेर तल चोसे ढुङ्गामा बज्रेछ ।

---

**४. २०७१ पूरक प्र.नं. २**

शुद्ध गरी पुनर्लेखन गर्नुहोस्: (५)

अम्रित रोपेको ठाउँमा विस फलेको कतै सुनेको छौ माटाको भर ढुङ्गो ढुङ्गाको भर माटो सन्सार भरैभर मा अडेको छन्।

उत्तरः अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेको छौ ? माटाको भर ढुङ्गो, ढुङ्गाको भर माटो, संसार भरै भरमा अडेको छ ।

---

**५. २०७१ सेट सी प्र.नं. २**

शुद्ध गरी पुनर्लेखन गर्नु होस् : (५)

प्राकृतिक सुन्दर्ताले भरियेको पशिचमान्चल छेत्रको केन्दविन्दु पोखरा विभिन्न जातजाती तथा भाषाभाषीहरूको सामाजिक जिवन सैली एवम् लोक परम्परा र सांस्कृतिक सम्पदाको दृष्टिले समेत धनी रहेको छ उहाँले भन्नु भयो।

उत्तरः उहाँले भन्नु भयो– "प्राकृतिक सुन्दरताले भरिएको पश्चिमाञ्चल क्षेत्रको केन्द्रविन्दु पोखरा विभिन्न जातजाति तथा भाषाभाषीहरूको सामाजिक जीवन शैली एवम् लोक परम्परा र सांस्कृतिक सम्पदाका दृष्टिले समेत धनी रहेको छ ।"

---

**६. २०७१ सेट डी प्र.नं. २**

शुद्ध गरी पुनर्लेखन गर्नु होस् : (५)

सत्रुताको पनि कसतो व्यापक् सम्वन्ध रहेछ दुनियाँमा पनि मित्र हुँदैन्। सवै शत्रु सवै वैरी नै हून्छन्।

उत्तरः शत्रुताको पनि कस्तो व्यापक सम्बन्ध रहेछ ? दुनियाँमा कोही पनि मित्र हुँदैनन् । सबै शत्रु सबै वैरी नै हुन्छन् ।

**७. २०७० पूरक प्र.नं. २**

शुद्ध गरी पुनर्लेखन गर्नु होस् : (५)

हात खुट्टा वलीयो भए पछि काम भनेको सधइँ पाइन्छ वा तर छोराछोरीका निम्ती बाबू सधैँ पाइ रहिन्न। बाको सेवा गर्न पायेपछि त्यस्ता काम लाख आउँछन्

उत्तरः हात खुट्टा बलियो भएपछि काम भनेको सधैँ पाइन्छ बा ! तर छोराछोरीका निम्ति बाबु सधैँ पाइ रहिन्न । बाको सेवा गर्न पाएपछि त्यस्ता काम लाख आउँछन् ।

---

**८. २०७० सेट सी प्र.नं. २**

शुद्ध गरी पुनर्लेखन गर्नु होस् : (५)

उस्ले भन्यो हिजो आज त माशु खान पनी डर लाग्छ। कतैं गिद्धलाई समेत मार्ने विपादी त छैन

उत्तरः उसले भन्यो, "हिजो आज त मासु खान पनि डर लाग्छ, कतै गिद्धलाई समेत मार्ने विषादी त छैन ।"

---

**९. २०७० सेट डी प्र.नं. २**

शुद्ध गरी पुनर्लेखन गर्नु होस् : (५)

मिरमिरे उज्यालो भयेको थीयो। गुमाने लाई खोजदै आशामरु आइ पुग्यो। एकावीहानै आशामरुलाइ देखेर गुमानेले भन्यो कति काम्लाई ऊकालो लाग्यौ साहू ?

उत्तरः मिर्मिरे उज्यालो भएको थियो । गुमानेलाई खोज्दै आशामरु साहु आइ पुग्यो । एकाबिहानै आशामरुलाई देखेर गुमानेल भन्यो – "कति कामलाई उकालो लाग्यौं साहु ?"

---

Question Bank Nepal

**१०. २०६९ प्र.नं. २**

शुद्ध गरी पुनर्लेखन गर्नु होस्: (५)

मनोहर गंम गरे। धन र भाग्यको स्वीकृती गाउँमा उन्कै छ। उत्साहसाथ भने-होइन उतराहे घुरहु महतोको दाँतले काम दिन छोड्यो की, उहाँलाइ देख्तिनँ बोलाएका छइनौ?

उत्तर: मनोहर गम्म परे । धन र भाग्यको स्वीकृति गाउँमा उनकै छ । उत्साहसाथ ने- "होइन उतराहे ! घुरहु महतोको दाँतले काम दिनै छोड्यो कि, उहाँलाई देख्तिनँ, बोलाएका छैनौ?"

**११. २०६८ प्र.नं. २**

शुद्ध गरी पुनर्लेखन गर्नु होस्: (५)

तेस्तै भासाको देषमा लवजको दसा हुन्छ कोही कोही शब्दहरू दूब्ला पातला भयेका छन्। तिनीहरूको प्राचिन महत्व उडेको छन्।

उत्तर: त्यस्तै भाषाको देशमा लवजको दशा हुन्छ । कोही कोही शब्दहरू दुब्ला पातला भएका छन्, तिनीहरूको प्राचीन महत्त्व उडेको छ ।

**१२. २०६७ प्र.नं. २**

शुद्ध गरी सार्नुहोस् : (५)

विकासका लागि शान्ति अनिवार्य सर्त हो। शान्ति भयेन भयेन भने देसको सर्वाङ्गिण विकास पनी हुन सक्तैन त्यसैले संबिधान सभाका माद्यमबाट शान्ति-प्रकीयालाई इस्थायित्व दिनुपर्दछ।

उत्तर: विकासका लागि शान्ति अनिवार्य सर्त हो । शान्ति भएन भने देशको सर्वाङ्गीण विकास पनि हुन सक्दैन । त्यसैले संविधान सभाका माध्यमबाट शान्ति-प्रक्रियालाई स्थायित्व दिनुपर्दछ ।

**१३. २०६६ प्र.नं. २**

शुद्ध गरी सार्नुहोस्। (५)

वीज्ञान र परविधि का छेत्रमा चामत्कारीक उन्नती नरेसमम देसको विकास हुन सक्तैन। आमा भन्छ।

उत्तर: "विज्ञान र प्रविधिका क्षेत्रमा चामत्कारिक उन्नति नगरेसम्म देशको विकास हुन सक्दैन ।" आमा भन्नुहुन्छ ।

**१४. २०६५ प्र.नं. २**

शुद्ध गरी पुनर्लेखन गर्नुहोस् : (५)

एसरि दुइ तिरबाट निरास भए पछि मइले निश्य गरे गोपी गुरुकै गोढा कि नसमातु।

उत्तर:यसरी दुईतिरबाट निराश भएपछि मैले निश्चय गरेँ, गोपी गुरुकै गोडा किन नसमातुँ ।

**१५. २०६४ प्र.नं. २**

अशुद्धिहरू सच्याई पुनर्लेखन गर्नुहोस्: (५)

एति धेरै पडेर पनी तिमिहरूले साथीहरू सीत कशरी वेवहार गर्नुपर्छ भन्नेकूरा जानेकी रहिन्छौं।

उत्तर: यति धेरै पढेर पनि तिमीहरूले साथीहरूसित कसरी व्यवहार गर्नुपर्छ भन्ने कुरा जानेका रहिनछौं ।

**१६. २०६३ प्र.नं. २**

वर्णविन्यास र लेख्यचिह्न मिलाई पुनर्लेखन गर्नुहोस्: (५)

आर्य संस्कृतिका अनुयाई नेपालीहरूको आतिथ्य परम्परा बैदिक कालदेखि नै गरिमामए र समृद्ध रहेको छ साँझमा आएका पाहुना र रिषिमुनिलाई देवतासरह मानिने हाम्रो साँस्कृतिक वैसिष्ट्यका कारण हामी अतिथिसत्कारलाई सर्वश्रेष्ठ मानविय गुण मान्छौं।

उत्तर: आर्य संस्कृतिका अनुयायी नेपालीहरूको आतिथ्य, परम्परा, वैदिक कालदेखि पाहुना र ऋषिमुनिलाई देवतासरह मानिने हाम्रो सांस्कृतिक वैशिष्ट्यका कारण हामी अतिथि सत्कारलाई सर्वश्रेष्ठ मानवीय गुण मान्छौं ।

**१७. २०६२ प्र.नं. २**

वर्णविन्यास मिलाई पुनर्लेखन गर्नुहोस्: (५)

यउटै शिरान गरेर सुते पछि कहीले काहिँ गोडा लाग्छ नाइँ, झगडा भयो भन्दैमा धर्म छाद्नु हुन्छ। आफुले सांचो मन्ले उप्कार गरेपछि उशका आत्माले पनि गर्न कर लाउछ।

उत्तर एउटै सिरान गरेर सुतेपछि कहिलेकाहीँ गोडा लाग्छ नाइँ, झगडा भो भन्दैमा धर्म छोड्नु हुन्छ ? आफूले साँचो मनले उपकार गरेपछि उसका आत्माले पनि गर्न कर लाग्छ ।

Question Bank Nepal

**१८. २०६१ प्र.नं. २**

वर्णविन्यास मिलाई पुनर्लेखन गर्नुहोस्: (५)

विद्यार्थीको पर्मुख उद्देश्य सिक्षा आजर्न गरनु हो तापनी ऊ कितापको कीरो मात्र नबनि समाजको एथार्थ रूपमा ग्यान राख्ने सछम व्यक्ति पनि बन्न सक्नु पर्छ छ।

उत्तरः विद्यार्थीको प्रमुख उद्देश्य शिक्षा आर्जन गर्नु हो तापनि ऊ किताबको किरो मात्र नबनी समाजको यथार्थ रूपमा ज्ञान राख्न सक्षम व्यक्ति पनि बन्न सक्नुपर्छ ।

**१९. २०६० प्र.नं. २**

वर्णविन्यास मिलाई शुद्ध पार्नुहोस्: (५)

आज हामी माथि बिदेसी संस्कृतीले डेरा जमाई सकेको छ। आफ्नो पूर्खाले वचाउँदै आएको रीतिरिवाजलाई नेपालीहरूले बिर्सेका छन्। विशेष गरी पश्चिमी पर्भावको सिकार आजका युवायुवती भएका छन्।

उत्तरः आज हामीमाथि विदेशी संस्कृतिले डेरा जमाइसकेको छ । आफ्नो पुर्खाले बचाउँदै आएको रीतिरिवाजलाई नेपालीहरूले बिर्सेका छन् । विशेषगरी पश्चिमी प्रभावको शिकार आजका युवायुवती भएका छन् ।

**२०. २०५९ प्र.नं. २**

वर्णविन्यास मिलाई शुद्ध पार्नुहोस्: (५)

गीता आफ्नो काम नसकि बाहिर गयेको थियो। त्यसैबेला हाकिम, आइपुगेर गीतालाई खोजे। गीताको सँधैको चाँडै कार्यालय छोड्ने बानीले हाकिम बाक्क भयको थिय। उन्ले गीतालाई सँधैकालागि बिदा दिने निर्णय लेख्तालेख्तै उनी आइपुगिन्।

उत्तरः गीता आफ्नो काम नसकी बाहिर गएकी थिई । त्यसैबेला हाकिम आइपुगे र गीतालाई खोजे । गीताको सधैँको चाँडै कार्यालय छोड्ने बानीले वाक्क भएको थियो । उनले गीतालाई सधैँको लागि बिदा दिने निर्णय लेख्तालेख्तै उनी आइपुगिन् ।

**२१. २०५८ प्र.नं. २**

वर्णविन्यास मिलाई सार्नुहोस्: (५)

म घर न गएको धेरै दिन भयो जाने इक्षा पनि छैन। मेरी दुलही निस्चय नै अर्का शित गईसकी होली। छोराहरू पनि गुण्डा भइसके होलान्। अँ सानो चाहिने चलाखजस्तो थियो। त्येसलाई धेरै पठाउने मेरो चाहाना पूरा भयेन।

उत्तरः म घर नगएको धेरै दिन भयो, जाने इच्छा पनि छैन । मेरी दुलही निश्चय नै अर्कासित गइसकी होली । छोराहरू पनि गुण्डा भइसके होला । अँ, सानो चाहिने चलाखजस्तो थियो, त्यसलाई धेरै पढाउने मेरो चाहना पूरा भएन ।

**२२. २०५७ प्र.नं. २**

वर्णविन्यास मिलाई शुद्ध गर्नुहोस्: (५)

मानविय जीवनक्रममा तार्किकताको स्थान अतीमहत्वपूर्ण हुँदा नै बौद्धीक विकाशका निम्ती यतीको प्रयास गरींदै आएको छ। सहि तथ्य र सूचनाको शङ्कलन गरि तिनको विश्लेषणका आधारमा सामान्य नियमहरू खोज्नु पर्दछ।

उत्तरः मानवीय जीवनक्रममा तार्किकताको स्थान अति महत्त्वपूर्ण हुँदा नै बौद्धिक विकासका निम्ति यतिको प्रयास गरिँदै आएको छ । सही, तथ्य र सूचनाको सङ्कलन गरी तिनको विश्लेषणका आधारमा सामान्य नियमहरू खोज्नुपर्दछ ।

**२३. २०५६ प्र.नं. २**

वर्णविन्यास मिलाई पुनर्लेखन गर्नुहोस्। (५)

गाउँका तुलनामा सहरी क्षेत्रको जन-जीवन खानेपानी र वातावरनिय प्रदुषणको समस्याले जटिल् हुँदै गयेको कुरा सबैबाट अनुभव गर्न थालिएको छ।

उत्तरः गाउँका तुलनामा सहरी क्षेत्रको जनजीवन, खानेपानी र वातावरणीय प्रदूषणको समस्याले जटिल हुँदै गएको कुरा सबैबाट अनुभव गर्न थालिएको छ ।

## एकाइ ३: शब्दवर्ग र शब्दरूपायन — अङ्क ३

**१. २०७२ सेट सी प्र.नं. ३**

तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको शब्दवर्ग पहिचान गरी लेख्नुहोस्: (२)

सबैको नेपाली किताब पढौं अनि फटाफट आफ्नो गृहकार्य गरौं; साथै आफू नेपाली भएकोमा गर्व पनि गरौं भनी प्राचार्यले भन्नुभयो।

उत्तरः नेपाली – विशेषण, फटाफट – क्रियाविशेषण, गरौँ – क्रिया, आफू – सर्वनाम, गर्व – नाम, पनि – निपात

Question Bank Nepal

**२. २०७२ सेट डी प्र.नं. ३**

तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको शब्दवर्ग पहिचान गरी लेख्नुहोस्: (३)

"तँ ठूली कहाँ खेल्न किन गएको त ? आफ्नो घरमा खेल्नु नि !" आमाले त्यति मात्र भन्नु भयो तर एकै क्षणका लागि उहाँको अनुहार विकृत भयो ।

उत्तर:तँ – सर्वनाम, ठूली – नाम, आफ्नो – विशेषण, तर – संयोजक, अनुहार – नाम, भयो – क्रियापद

**३. २०७२ सेट इ प्र.नं. ३**

तलको अनुच्छेदमा रेखाङ्कित पदहरूको शब्दवर्ग पहिचान गरी लेख्नुहोस्: (३)

मनहरूमा कोलम्वस पनि बाँच्छ कि मान्छेको प्रयोगमा आउनुभन्दा पर वस्तुको अर्को ठुलो उपयोगिता छैन भने बटुलेर संसारभरिका झण्डाहरू ।

उत्तर: बाँच्छ – क्रियापद; आउनुभन्दा – नामयोगी; ठुलो – विशेषण; उपयोगिता – नाम, भने – संयोजक; बटुलेर – क्रियाविशेषण

**४. २०७१ पूरक प्र.नं. ३**

तलको अनुच्छेदमा रेखाङ्कित पदको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् : (३)

आमाले कथा भन्दै जाँदा मेरो मुटु ढुकढुक हुँदै गयो र मैले फेरि एक्कासि सोधेँ- "आमा ! मधुकर मर्छ हगि ? राक्षसनीले खान्छन् हगि?"

उत्तर: कथा – नाम, मेरो – विशेषण, एक्कासि – क्रियाविशेषण, र – संयोजक, हगि – बिस्मयादिबोधक, खान्छन् – क्रियापद

**५. २०७१ सेट सी प्र.नं. ३**

तलको अनुच्छेदमा रेखाङ्कित पदहरूको शब्दवर्ग पहिचान गरी लेख्नु होस् : (३)

आमा र बाको कुरा के हो मैले जम्मै बुझिनँ र बुझ्ने चासो पनि थिएन । मैले उहाँहरूको कुराबाट यति नै बुझेँ कि आमाले बासँग भनेर मलाई घोडा किनि दिन लगाइ छोड्नु हुन्छ ।

उत्तर: बाको: विशेषण । मैले: सर्वनाम । बुझिनँ: क्रियापद । चासो: नामपद । नै: निपात । सँग: नामयोगी ।

**६. २०७१ सेट डी प्र.नं. ३**

तलको अनुच्छेदमा रेखाङ्कित पदहरूको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् : (३)

मध्यस्थले एउटा न एउटाको शत्रु हुनै पर्छ- कृष्ण रायले बिउँझे झैँ यो ज्ञान आर्जन गरे।

उत्तर: एउटा: विशेषण । शत्रु: नाम । झैँ: नामयोगी । यो: विशेषण । ज्ञान: नाम । गरे: क्रियापद ।

**७. २०७० पूरक प्र.नं. ३**

तलको अनुच्छेदका रेखाङ्कित पदको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् : (३)

गोलभिँडा आलुको ठिमाहा छोरो हो तर बोट उस्तै भए पनि एउटाको जन्म जराबाट र अर्कोको जन्म हाँगाबाट हुने हुँदा यो तर्क खालि पहिले गोलभिँडा खान पल्केका मानिसले छाँटेको गफ मात्रै हो जस्तो मलाई लाग्छ ।

उत्तर: ठिमाहा: विशेषण । तर: संयोजक । यो: विशेषण । पहिले: क्रियाविशेषण । गफ: नाम । लाग्छ: क्रियापद ।

**८. २०७० सेट सी प्र.नं. ३**

तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् : (३)

यो सहरको स्पर्शले यस शरीरलाई कुरूप बनाए पनि मन भने तिमीले जस्तो बनाइ दिएकी छौ त्यस्तै छ ।

उत्तर: यो → विशेषण, शरीर→ नाम, कुरूप→ विशेषण, पनि→ निपात, तिमी→सर्वनाम, छ → क्रियापद

**९. २०७० सेट डी प्र.नं. ३**

तलको अनुच्छेदमा रेखाङ्कित पदहरूको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् : (३)

हामी मुग्ध भएर त्यो नौलो अनन्तमा छिन छिनमा रुप बदल्दै हावाको गतिसँग यता र उता खेल्ने, कपासका फुलहरू छरिए झैँ फाटफुट बादलका टुक्राहरूलाई हेर्न थाल्दथ्यौँ ।

उत्तर: हामी→सर्वनाम, नौलो→ विशेषण, रूप→ नाम, सँग→ नामयोगी, र→संयोजक, हेर्न→ क्रियापद

**१०. २०६९ प्र.नं. ३**

तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदको शब्द वर्ग पहिचान गरी लेख्नु होस्: (३)

मानिस प्रकृतिकै उपज भए पनि सभ्यताको उषा कालदेखि नै बाँच्नका निम्ति प्रकृतिसँग निरन्तर सङ्घर्ष गर्दै आएको छ ।

उत्तर: मानिस– नाम, सभ्यताको – विशेषण, नै – निपात, सँग– नामयोगी, निरन्तर – क्रियाविशेषण, आएको छ– क्रिया

Question Bank Nepal

११. २०६८ प्र.नं. ३

तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको शब्दवर्ग पहिचान गरी लेख्नु होस् । (३)
भित्र हेर्न छाडेर बाहिरको विचार गर्नासाथ तिमी साहित्य देशमा गल्लीको बोक्रे भलादमी बनि पो हाल्दछौ ।

उत्तरः छाडेरः क्रियाविशेषण, विचारः नाम, साथः नामयोगी, बोक्रेः विशेषण, पोः निपात, हाल्दछौंः क्रियापद

## एकाइ ४ः शब्दस्रोत अङ्क २

१. २०७२ सेट सी प्र.नं. ४

तलको अनुच्छेदबाट दुई दुई वटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस्: (२)
बिरामी वीरेले डाक्टरसित आफ्नो रोगको डायग्नोसिस राम्ररी नगराएकोमा मित्र बद्री र रामले चित्त दुखाए । वैद्यको आयुर्वेदिक औषधिले उसको टाइफाइड ठिक भएन ।

उत्तरः तत्सम शब्द - मित्र, औषधी, आगन्तुक शब्द - डायग्नोसिस, टाइफाइड

२. २०७२ सेट डी प्र.नं. ४

तलको अनुच्छेदबाट दुई दुई वटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस्: (२)
चरित्रका भलादमी अतीतका अँध्यारा कोठरीमा छन्; रङ्ग र रेसका भलादमी काठमाडौंका गल्लीमा खुसबु उडाइ रहेछन् । जमाना रङ्ग बदल्छ ।

उत्तरः तत्सम शब्दः चरित्र, अतीत; आगन्तुक शब्दः खुसबु, जमाना

३. २०७२ सेट इ प्र.नं. ४

तलको अनुच्छेदबाट दुई दुई वटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस्: (२)
प्रातः कालीन भ्रमणमा निस्कदा विभिन्न विद्यालयको ड्रेस लगाएका विद्यार्थीहरू हातमा मोबाइल र व्याग भिरेर कलेजतिर हिँड्दै गरेको देखिन्छ ।

उत्तरः तत्सम शब्दः प्रातःकालीन, विद्यालय, आगन्तुक शब्दः ड्रेस, मोबाइल

४. २०७१ पूरक प्र.नं. ४

तलको अनुच्छेदबाट दुई दुई वटा तत्सम र तद्भव शब्द खोजी लेख्नुहोस्: (२)
असार महिनामा किसानहरूले दिनरात काम नगरी सुखै पाउँदैनन् । यही महिनामा गरेको कामबाट राम्रो आम्दानी गरेर उनीहरूले सुखद जीवन बिताउने सपना देखका हुन्छन् ।

उत्तरः तत्सम शब्द - सुखद, जीवन; तदभव शब्द - सपना, असार

५. २०७१ सेट सी प्र.नं. ४

तलको अनुच्छेदबाट दुई वटा तत्सम र दुई वटा आगन्तुक शब्द खोजी लेख्नु होस् : (२)
कम्प्युटर एउटा इलेक्ट्रोनिक यन्त्र हो जसले इन्पुट लिन्छ र प्राप्त तथ्यहरूलाई प्रशोधन गरी अर्थपूर्ण आउटपुट दिन्छ ।

उत्तरः तत्सम शब्द - यन्त्र, प्रशोधन, आगन्तुक शब्द - कम्प्युटर, इलेक्ट्रोनिक

६. २०७१ सेट डी प्र.नं. ४

तलको अनुच्छेदबाट दुई दुई वटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नु होस् : (२)
दिनभरको परिश्रमले प्राणीहरूले शरीर र दिमाग समेत थाक्दछ स तसर्थ नयाँ स्फूर्ति तथा कामका लागि हरहमेसा तयारी गर्नु पर्ने हुन्छ ।

उत्तरः तत्सम शब्द - परिश्रम, प्राणी, आगन्तुक शब्द - हरहमेसा, दिमाग

७. २०७० पूरक प्र.नं. ४

तलको अनुच्छेदबाट दुई दुई ओटा तद्भव र आगन्तुक शब्द खोजी लेख्नु होस् : (२)
मानिसका लागि हरियो सागसब्जी, दुध र दही निकै फाइदा जनक हुन्छन् भनी किताबमा लेखिएको पाइन्छ तर हिजोआज पसलबाट किनेर ल्याइने चिजहरूले पनि फाइदा पुऱ्याएको देखिँदैन ।

उत्तरः तद्भव शब्द - दुध, दही, आगन्तुक शब्द - पसल, फाइदा

Question Bank Nepal

**८. २०७० सेट सी प्र.नं. ४**

तलको अनुच्छेदबाट दुई दुई ओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नु होस् : (२)

विचार गर्दागर्दै अनायास कृष्ण रायले रेलको डब्बामा भएको झगडा सम्झे- हाटमा तिनीद्वारा धक्का खाई लडेको एउटा वृद्धलाई सम्झे, तिनले निकालि दिएका नोकरहरूलाई सम्झे ।

**उत्तर:** तत्सम शब्द - वृद्ध, कृष्ण, आगन्तुक शब्द - रेल, धक्का

**९. २०७० सेट डी प्र.नं. ४**

तलको अनुच्छेदबाट दुई दुई ओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नु होस् : (२)

सरकारले गर्दै आएको लोडसेडिङ विद्यार्थीका लागि बढी घातक सिद्ध भएको छ । राम्ररी पढेर भविष्यमा देशका लागि हाइड्रो पावरको विकास गर्ने उनीहरूको सपना त्यति सजिलै पुरा होला जस्तो लाग्दैन ।

**उत्तर:** तत्सम शब्द - भविष्य, विद्यार्थी, आगन्तुक शब्द - लोडसेडिङ, हाइड्रो पावर

**१०. २०६९ प्र.नं. ४**

तलको अनुच्छेदबाट दुई दुई वटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नु होस् : (२)

कुनै समाचार वा सूचना एक ठाउँबाट अर्को ठउँमा पठाउने काम सञ्चार हो अनि विश्वको कुने पनि कुनामा घटेको घटनाका बारेमा विश्वभर जानकारी गराई दिने रेडियो , टेलीभिजन, इन्टरनेट, समाचार पत्र आदि सञ्चारका माध्यम हुन् ।

**उत्तर:** तत्सम: पत्र, विश्व । आगन्तुक: रेडियो, इन्टरनेट

**११. २०६८ प्र.नं. ४**

तलको अनुच्छेदबाट दुई दुई ओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस्: (२)

सडकको माझमा असहाय मेरो निरपानी रङ्को सुन्दर शान्त र शालीन आलु घोडालाई आफ्नो भयानक पाङ्ग्राले किच्दै मोटर अघि बढ्यो, अनि मेरो कानमा आवाज आयो ।

**उत्तर:** तत्सम: शान्त, शालीन । आगन्तुक: सडक, मोटर ।

## एकाइ ५: शब्दनिर्माण — अङ्क ६

**१. २०७२ सेट सी प्र.नं. ५**

क) तलको अनुच्छेदबाट तिन वटा उपसर्ग व्युत्पन्न शब्द र तिन वटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस् : (३)

निराश मनले होइन, उत्साहका साथ गाउँलेले तात्कालिक परिस्थितिको अवलोकन गरे । जैविक विविधतामा धनी नेपालको राष्ट्रिय गरिमा उचाइमा पुऱ्याउने आफ्नो अभीष्ट उनीहरूले व्यक्त गरे ।

**उत्तर:** उपसर्ग व्युत्पन्न शब्द: निराश → नि + राश । परिस्थिति → परि + स्थिति । उत्साह → उत् + साह ।
प्रत्यय व्युत्पन्न शब्द: गाउँले → गाउँ + ले । तात्कालिक → तत्काल + इक । जैविक → जीव + इक ।

ख) तलको अनुच्छेदबाट तिन समस्त शब्द र तिन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्ट्याउनु होस् : (३)

ससाना बालबालिकाले आआफ्नो कामकर्तव्य पुरा गरेका छन् । ठुल्ठुला ऋषिमुनि पनि त्याग तपस्याको उदाहरण बनेका छन् । हामी छात्रछात्रा पनि राष्ट्र निर्माणको महायज्ञमा आपसमा झैझगडा नगरी मरमद्दतमा लाग्नु पर्छ ।

**उत्तर:** समस्त शब्द (क) ऋषिमुनि - ऋषि मुनि, (ख) छात्रछात्रा - छात्र छात्रा, राष्ट्रनिर्माण- राष्टको निर्माण;
द्वित्व शब्द: (क) ठुल्ठुला - ठुला, (ख) आआफ्नो - आ, (ग) झैझगडा - झै

ग) तलको अनुच्छेदबाट छ वटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् : (३)

सूर्योदयको दृश्यावलोकन गर्न कतिपय पर्यटकहरू उन्मुक्त भएर हस्याङफस्याङ गर्दै नगरकोट पुग्छन् । आ-आफ्ना वैयक्तिक मनोवाञ्छा सबैका हुन्छन् । नेपाली डाँडाकाँडाको प्राकृतिक सौन्दर्य बचाउन र पर्यटक लोभ्याउन वनजङ्गलको कटान फँडानी रोक्नु पर्छ ।

**उत्तर:** सूर्योदय: सूर्य + उदय । पर्यटक: परि + अटक । नेपाली: नेपाल + ई । प्राकृतिक: प्रकति + इक ।
सौन्दर्य: सुन्दर + य । कटान: काट् + आन

Question Bank Nepal

२. २०७२ सेट डी प्र.नं. ५

क) तलको अनुच्छेदबाट तिन वटा उपसर्ग व्युत्पन्न शब्द र तिन वटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस् । (३)

विषम भूधरातलीय अवस्थिति, कमजोर भौगर्भिक संरचना, अनियोजित वसोवास, जन घनत्व, उच्च जनसङ्ख्या वृद्धिदर, व्यापक गरिबी र अशिक्षाका कारण प्राकृतिक प्रकोपको दृष्टिले नेपाल निकै संवेदनशील अवस्थामा छ ।

उत्तर: उपसर्ग व्युत्पन्न शब्द: संरचना - सम् + रचना । व्यापक - वि + आपक । अशिक्षा - अ + शिक्षा ।
प्रत्यय व्युत्पन्न शब्द: भौगर्भिक - भूगर्भ + इक । प्राकृतिक - प्रकृति + इक । गरिबी - गरिब + ई ।

ख) तलको अनुच्छेदबाट तिन वटा समस्त शब्द र तिन वटा द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्ट्याउनु होस् : (३)

लोकतन्त्रको मेरुदण्ड भनेकै निर्वाचन हो । नेताहरूमा ककसको जनाधार कै कस्तो छ भनी प्रमाणित गर्ने मापदड यही नै हो । दोबाटोमा चर्को भाषण गर्ने, जनताका घरघरमा पुगी भ्रूटो आश्वासन दिने, जनतालाई झैझगडामा फसाइदिने, आल्तुफाल्तु कुरा गरेर समय खेर फाल्ने निर्लज्ज नेताहरूलाई निर्वाचन मार्फत वनवास पठाउन जनता कदापि चुक्दैनन् ।

उत्तर: समस्त शब्द (क) लोकतन्त्र - लोकको तन्त्र, (ख) दोबाटो - दुई बाटोको समूह, (ग) वनबास- वनमा बास
द्वित्व शब्द:(क) ककसको - क, झैझगडा - झै ; आल्तुफाल्तु - आ

ग) तलको अनुच्छदेबाट छवटा सन्धियुक्त शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस्:(३)

अत्यन्त विकृत अनुहार पारि रहने र सधैं पढ्न अल्छी गर्ने नरेशलाई गुरुमाले स्नेहपूर्वक सम्झाउनु भयो । विद्यालयको पढाइ छाडेर कर्तव्य बोध नगरी जजसले जे जे भन्दछन् त्यही कामकुरा गर्दै हिंडनु हुँदैन भनेर उसलाई ठुल्दाइले समेत सम्झाइ बुझाइ गरेरै ठिकठाक पार्ने विचार गर्नु भयो ।

उत्तर: अत्यन्त: अति + अन्त । विद्यालय: विद्या + आलय । कर्तव्य: कृ + तव्य । ठुल्दाइ: ठुलो + दाइ ।
अनुहार: अनु + हार । विकृत: वि + कृत ।

३. २०७२ सेट इ प्र.नं. ५

क) तल दिइएका उपसर्ग र प्रत्यय लगाई एक एक वटा शब्द बनाउनुहोस् । (३)

उपसर्ग: वि, अप, सु

प्रत्यय: आली, ईय, त्व ।

उत्तर: (क) उपसर्ग: बि + सन्चो = बिसन्चो । अप + मान = अपमान । सु+मार्ग = सुमार्ग ।
(ख) प्रत्यय: हरियो + आली = हरियाली । आत्म + ईय = आत्मीय । कृति + त्व = कृतित्व ।

ख) तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्ट्याउनु होस् : (३)

आआफ्नो घरगोठको वरिपरि सरसफाइ गर्ने चोक र चौबाटोमा फोहोर सोहोर नफाल्ने आपद्विपद् पर्दा सरसहयोग गर्ने नैतिक शिक्षा आजका छात्रछात्रालाई कक्षाकोठा अवश्य दिनुपर्दछ ।

उत्तर: समस्त शब्द (क) घरगोठ - घर र गोठ, (ख) चौबाटो - चार बाटोको समूह, (ग) कक्षाकोठा - कक्षाका लागि कोठा
द्वित्व शब्द: (क) आआफ्नो - आ, सरसफाइ - सर, सरसहयोग - सर

ग) तलको अनुच्छेदबाट छ वटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् : (३)

सदैव समाजोपयोगी परोपकारका भावनाका कुरा सूर्योदयदेखि सूर्यास्तसम्म गर्ने महापुरुषहरू अतीतदेखि नै पूँजिदै आएका हुन् । पराधीन जीवन बाँच्नुभन्दा झलल्ल आलोकित भएर सौन्दर्यको सरोवरमा लाग्नु नै मानवोचित कार्य हो भनेर हाम्री सानीमा हस्याङफस्याङ गर्दै सन्देश दिइ रहनु हुन्छ ।

उत्तर: सदैव: सदा + एव । समाजोपयोगी: समाज + उपयोगी । सूर्योदय: सूर्य + उदय । सौन्दर्य: सुन्दर + य ।
सन्देश: सम् + देश । कार्य: कृ + य ।

Question Bank Nepal